# दुर्गम क्षेत्रका हवाई उडानमा

# भाडा सहुलियत प्रदान गर्ने सम्वन्धी मापदण्ड-२०७३

नेपाल सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**सिंहदरवार, काठमाण्डौं ।**

## १. पृष्ठभूमी

भौगोलिक विकटताका कारण सडक यातायातको यथोचित व्यवस्था नसकेका क्षेत्रमा बसोवास गर्ने नागरिकहरु शहरी सम्पर्कमा आउन हवाई यातायातमा निर्भर रहनु पर्ने वाध्यता विद्यमान छ । गुणस्तरीय सडक सञ्जालको अभावमा यात्रु तथा ढुवानीकर्तालाई नियमित र भरपर्दो यातायात सेवा दिन नसकिँदा दुर्गम भेगका वासिन्दाहरुको जीवन यापनमा कठिनायी पर्न गएको छ । दुर्गम क्षेत्रका नागरिकहरुलाई नजिकिँदो दशैं तिहार जस्ता चाडपर्वमा केही राहत महशुस होस् भन्ने हेतुले आगामी दुई महिनाको लागि हवाई भाडामा सहुलियत दिने व्यवस्थाका लागि नेपाल सरकारले देहाय बमोजिम मापदण्ड बनाई लागु गरेको छ ।

यो मापदण्ड २०७३ असोज १५ (October 1, 2016) देखि २०७३ मंसिर १५ (31 November 2016) सम्म लागु रहने छन् ।

२. **दुर्गम क्षेत्रको निर्धारण** : हवाई भाडा सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि देहायको भौगोलिक क्षेत्रका विमानस्थलमा हवाई सेवा सञ्चालन गर्ने रुटका उडान समावेश गरिने छ ।

(क) सडक सञ्जालले नछोएको जिल्ला वा भौगोलिक क्षेत्रमा रहेको विमानस्थल

(ख) सवै मौसममा यातायात सेवा सञ्चालनमा आउन सक्ने स्तरको सडक सञ्जाल विकास नभएको

(ग) हवाई सेवाको उपयोगमा स्थानीय वासीको बाहुल्यता रहेको र यातायातको प्रमुख वा एकमात्र साधन हवाई सेवा रहेको क्षेत्रका विमानस्थल

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा **अनुसूची (१)** मा तोकिएका विमानस्थल र उडान रुट

३. **हवाई भाडामा सहुलियत दर निर्धारण :** अनुसूची (१) बमोजिमका विमानस्थल तथा हवाई उडान रुटमा देहायका आधारमा सहुलियत उपलब्ध गराई परिमार्जित भाडा निर्धारण गरिने छ ।

(क) नेपाल आयल निगमको पूर्वाधार विकाश शीर्षकमा हवाई इन्धनबाट रु. २० लिने गरेकोमा दुर्गम पहाडी सामाजिक क्षेत्रका विमानस्थलमा उडान भर्ने वायुयानले खपत गर्ने हवाई इन्धनमा नेपाल आयल निगमले उपरोक्त पूर्वाधार विकाश शुल्क वापतको रु २०।- छुट गर्ने ।

(ख) वायुसेवा कम्पनीहरुले हवाई इन्धनमा रु २० छुट भएको आधारमा **अनुसूची २** बमोजिम इन्धन अधिक मूल्य (FSC) मा कम हुन आउने वरावरको हवाई भाडा नेपाली यात्रुहरुलाई छुट दिने ।

(ग) अनुसुची (१) बमोजिमका विमानस्थलमा उडान गर्ने हवाई यात्रुहरुको यात्रु सेवा शुल्क (Passenger Service Charge) मा नेपाल नागरिक उड्डयन प्राधिकरणले छुट गर्ने ।

(घ) वायुसेवा कम्पनीहरुले खण्ड (ग) बमोजिमको यात्रु सेवा शुल्क नेपाली यात्रुहरुलाई छुट दिने ।

(ङ) वायुसेवा कम्पनीहरुले खण्ड (ख) र (घ) बमोजिमको रकम यात्रुहरुले टिकट खरिद गर्दाकै वखत छुट गर्ने ।

४. **खर्च सिफारिस र भुक्तानी व्यवस्था :** वायुसेवा कम्पनीहरुले इन्धन खरिद मूल्यमा उपलव्ध छुट बमोजिम यात्रुहरुलाई हवाई भाडामा छुट दिएको रकम देहाय बमोजिम नेपाल आयल निगमसंग र यात्रु सेवा शुल्कमा छुट दिएको रकम नेपाल नागरिक उड्डयन प्राधिकरणसंग हिसाव मिलान वा भुक्तानी लिन सक्नेछन् ।

(क) वायुसेवा कम्पनीहरुले यस मापदण्ड बमोजिम उल्लेखित दुई महिनाको अवधिमा अनुसूचीमा तोकिएको सेक्टरको उडानमा खपत हुने हवाई इन्धन उपयोग (Fuel Consumption) को परिमाण सो क्षेत्रको आयल निगम, वायुसेवा कम्पनी र नागरिक उड्डयन कार्यालयका सम्वद्ध अधिकारीद्वारा संयुक्त प्रमाणित गरेको विवरण र स्वीकत उडान तालिका समावेश गरी ईन्धन खरिद विलमा छुट लिन सक्नेछन् ।

(ख) खण्ड (क) बमोजिम खरिद गर्दाका वखत विलमा छुट नलिने वायुसेवा कम्पनीले उडान सम्पन्न भएपछि यात्रु लगवुक सहितका उडान भएको वायुसेवा कम्पनी र नागरिक उड्डयन कार्यालयवाट प्रमाणित हुने कागजात समावेश गरी छुट कायम हुने रकम सोधभर्ना वा भुक्तानीमा हिसाव मिलान गर्न सक्नेछन् ।

(ग) वायुसेवा कम्पनीहरुले यस मापदण्ड बमोजिम उल्लेखित दुई महिनाको अवधिमा अनुसूचीमा तोकिएको सेक्टरको उडानमा छुट हुने यात्रु सेवा शुल्क (PSC) को रकम उडान सम्पन्न भएपछि यात्रु लगवुकको अतिरिक्त उडान भएको प्रमाणित हुने कागजात सहित नागरिक उड्डयन प्राधिकरणमा PSC भुक्तानी सम्वन्धी हिसाव मिलानको लागि प्रस्तुत गर्न सक्नेछन् ।

५. **मापदण्ड कार्यान्वयन र अनुगमन**: यी मापदण्ड बमोजिम सम्वन्धीत क्षेत्रका नागरिकले सेवा पाए नपाएको विषय र खर्च तथा भुक्तानी व्यवस्था सम्वन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, आपूर्ति मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट संयुक्त रुपले वा वेग्ला वेग्लै अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने छन् । कार्यान्वयन सन्दर्भमा द्विविधा देखिएमा सो को

व्याख्या गरी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी आपूर्ति मन्त्रालयको समन्वयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको हुने छ ।

# अनूसुची – १

[दफा २ खण्ड (घ) संग सम्बन्धित]

<u>हवाई भाडा सहुलियत उपलव्ध गराउने प्रयोजनको लागि तोकिएका विमानस्थल र उडान सेक्टर</u>

(क) काठमाण्डौ, नेपालगञ्ज, सुर्खेत, पोखरा तथा विराटनगरबाट दुर्गम पहाडी सामाजिक क्षेत्रका STOL विमानस्थलहरु

१) डोल्पा विमानस्थल

२) रारा (ताल्चा) विमानस्थल

३) सिमिकोट विमानस्थल

४) थामखर्क विमानस्थल

५) खानीडाँडा विमानस्थल

६) काँगेलडाँडा विमानस्थल

७) लामिडाँडा विमानस्थल

(ख) खण्ड (क) बमोजिम विमानस्थलमा हवाई उडान हुने रुट/सेक्टर

१) काठमाण्डौ - डोल्पा, नेपालगञ्ज-डोल्पा, सुर्खेत-डोल्पा सेक्टर

२) काठमाण्डौ - रारा, नेपालगञ्ज-रारा, सुर्खेत-रारा सेक्टर

३) काठमाण्डौ - सिमिकोट, नेपालगञ्ज-सिमिकोट, सुर्खेत-सिमिकोट सेक्टर

४) काठमाण्डौ - थामखर्क, विराटनगर-थामखर्क सेक्टर

५) काठमाण्डौ - खानीडाँडा, विराटनगर - खानीडाँडा सेक्टर

६) काठमाण्डौ - काँगेलडाँडा, विराटनगर- काँगेलडाँडा सेक्टर

७) काठमाण्डौ - लामिडाँडा, विराटनगर-लामिडाँडा सेक्टर

अनूसुची – २

[दफा ३ खण्ड (ख) संग सम्बन्धित]

# Calculation of Subsidy on Air Fare of the Remote Sector

| | | NPR FUEL SURCHAGE | | | PSC (including VAT) | Total Decrease |
|---|---|---|---|---|---|---|
| SECTOR | BLOCK | CURRENT | NEW | DECREASE BY | DECREASE BY | FSC + PSC |
| Biratnagar-Lamidanda | 27 | 960 | 755 | (205) | (200) | (405) |
| Lamidanda-Biratnagar | 27 | 960 | 755 | (205) | (10) | (215) |
| Biratnagar-Thamkharka | 24 | 855 | 670 | (185) | (200) | (385) |
| Thamkharka - Biratnagar | 24 | 855 | 670 | (185) | (10) | (195) |
| Kathmandu-Lamidanda | 30 | 1,070 | 840 | (230) | (200) | (430) |
| Lamidanda - Kathmandu | 30 | 1,070 | 840 | (230) | (10) | (240) |
| Kathmandu-Khanidanda | 35 | 1,250 | 980 | (270) | (200) | (470) |
| Khanidanda - Kathmandu | 35 | 1,250 | 980 | (270) | (10) | (280) |
| Kathmandu-Kangeldanda | 35 | 1,250 | 980 | (270) | (200) | (470) |
| Kangeldanda - Kathmandu | 35 | 1,250 | 980 | (270) | (10) | (280) |
| Kathmandu-Thamkharka | 45 | 1,605 | 1,265 | (340) | (200) | (540) |
| Thamkharka -Kathmandu | 45 | 1,605 | 1,265 | (340) | (10) | (350) |
| Nepalgunj-Dolpa | 38 | 1,355 | 1,065 | (290) | (200) | (490) |
| Dolpa - Nepalgunj | 38 | 1,355 | 1,065 | (290) | (10) | (300) |
| Nepalgunj-Simikot | 52 | 1,855 | 1,460 | (395) | (200) | (595) |
| Simikot - Nepalgunj | 52 | 1,855 | 1,460 | (395) | (100) | (495) |
| Nepalgunj-Talcha (Rara) | 42 | 1,500 | 1,180 | (320) | (200) | (520) |
| Talcha (Rara) - Nepalgunj | 42 | 1,500 | 1,180 | (320) | (10) | (330) |
| Pokhara-Dolpo | 32 | 1,140 | 895 | (245) | (200) | (445) |
| Dolpo - Pokhara | 32 | 1,140 | 895 | (245) | (10) | (255) |
| Surkhet-Bajura | 31 | 1,105 | 870 | (235) | (100) | (335) |
| Bajura - Surkhet | 31 | 1,105 | 870 | (235) | (10) | (245) |
| Surkhet-Dolpo | 35 | 1,250 | 980 | (270) | (100) | (370) |
| Dolpo -Surkhet | 35 | 1,250 | 980 | (270) | (10) | (280) |
| Surkhet-Simikot | 40 | 1,425 | 1,120 | (305) | (100) | (405) |
| Simikot- Surkhet | 40 | 1,425 | 1,120 | (305) | (100) | (405) |
| Surkhet-Talcha (Rara) | 31 | 1,105 | 870 | (235) | (100) | (335) |
| Talcha (Rara) - Surkhet | 31 | 1,105 | 870 | (235) | (100) | (335) |

| FUEL PRICE CALCULATION | |
|---|---|
| Old Price | 94 |
| Revised Price | 74 |
| Increased by (Decreased by) | -20 |
| Increment % | -21.28% |

$$\text{Fuel charge per passenger per minute} = \frac{\text{Difference in fuel cost X fuel consumption}}{\text{Number of passenger per flight X 60}}$$